# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/११/०९ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

महानगरीय प्रहरी कार्यालय, रानीपोखरी काठमाडौंमा कार्यरत प्रहरी सहायक निरीक्षक रेशमबहादुर खड्काले ईलाका प्रहरी कार्यालय, बुटवल, रुपन्देहीमा कार्यरत रहँदा स्कीम बचत तथा ऋण सहकारी संस्थाको सञ्चालकको तर्फबाट गरिएको ग्यारेन्टी कागज आफैसँग राखी उक्त कागज उपलब्ध गराउन बार्गेनिङ्ग गरि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटीइ गएको टोलीले निजलाई रु ३,००,०००/- (तीन लाख) घुस रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई बिगो ३,००,०००/- (तीन लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता